# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय

## डांक बढाबढबाट सामान लिलामको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०२/२७**

यस कार्यालयमा रहेका विभिन्न सम्पत्ति सामान, कार्यालय उपकरण, फुटकर फर्निचर, स्टेशनरी तथा फुटकर सामानहरु आदि जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएको हुनाले यो सूचना प्रकाशन गरी इच्छुक व्यक्ति वा फर्महरुलाई डांक बढाबढबाट लिलाममा भाग लिन आह्वान गरिएको छ ।

**विवरण**

| सामानको विवरण | न्यूनतम मुल्यांकन रकम |
|---|---|
| १. कम्प्युटर एण्ड एसेसरिज, मेशीनरी इक्वीपमेण्ट, अफिस इक्वीपमेण्ट सामानहरु ।<br>२. फुटकर फर्निचर सामानहरु ।<br>३. फुटकर सामानहरु/अन्य । | कुल रु.१,७४,१९१।०० (अक्षरेपी एक लाख चौहत्तर हजार एक सय एकानब्बे मात्र) |

१. डाँक बढाबढ मार्फत लिलाम गरिने स्थान, समय र मिति:
   (क) स्थान: नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालय परिसर
   (ख) समय: अपरान्ह १:०० देखि ३:०० सम्म
   (ग) मिति: २०७५/०३/११ गते सोमवार (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन)

२. बढाबढको थालनी न्युनतम मूल्यबाट शुरु हुनेछ ।

३. लिलाममा सहभागी हुन प्रथम डाँक कबोल मूल्यको न्युनतम मूल्यको दश प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप राख्नुपर्नेछ ।

४. लिलाम सकार गरेका सामानको अन्तिम कबोल मूल्यको दश प्रतिशत बरावर नपुग हुने रकम थप धरौटी राख्नु पर्नेछ । लिलाम स्वीकृत गरेको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ ।

५. लिलाम बढाबढ हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय खुलेको दिन बिहान १०:०० बजे देखि ५:०० बजेसम्म (शुक्रवार १:३० वजे सम्म) यस कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

६. सामानको विस्तृत विवरण तथा संख्या यस कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ । साथै उक्त विवरण वारेमा यस कार्यालयको लेखा तथा स्टोरफाँट (फोन नं. ०७१५२०१८८ एक्सटेन्सन २१५) मा सम्पर्क राखी हेर्न/बुझ्न सकिने छ ।

७. लिलाम सम्बन्धि सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

८. लिलाम सम्बन्धी अन्य कुराहरु नेपाल राष्ट्र बैंक लिलाम निर्देशिका, २०६५ (प्रथम संशोधन) बमोजिम हुनेछ ।